# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर

प. सं. २०८१/०८२ कोशी प्रदेश, नेपाल
च.नं.

**अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना ।**

**पथम पटक प्रकाशित मितिः २०८१/०५/१४**

यस बेलका नगरपालिकाले कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपशिलको पदमा खुल्ला प्रतिस्पर्धात्मक परिक्षाद्धारा करार सेवामा एकजना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ। यसका लागि तोकिएको दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचय-पत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाणपत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परिक्षा दस्तुर तिरेको बैंक भौचरको/राजस्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संग्लन गरी पन्ध्र (१५) दिनभित्र बेलका नगपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परिक्षा दस्तुर नबुझाएका प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्धारको दरखास्त उपर कुनै कारवाही हुने छैन। ।झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयंम् हुनु पर्नेछ।

**१.विज्ञापन नं. पद र माग संख्याः**

| क्रस | विज्ञापन न. | पद | माग संख्या | सेवाको किसिम | परिक्षा दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | ०१/०८१/८२ | अपाङ्गता सहायता सहजकर्ता(अपाङ्गता भएको व्याक्ति मात्रै) | १(एक)जना | करार सेवा | ५००।(पाँचसय रुपैया मात्र।) |

**२. सेवाको किसिमः-** करार सेवा (अस्थायी)

**३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः-**

- नेपाली नागरिक।
- अपाङ्गता भएका व्यक्ति
- मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ (प्लस टु )वा सो सरह उतिर्ण गरेको।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।
- तोकिएको कार्यसम्पादन गर्न सक्ने।
- कम्प्युटर तथा कागजी दुवै स्वरुपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
२०७३

प. सं. २०८१/०८२ कोशी प्रदेश, नेपाल
च.नं.

- सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने, तर छनोट गर्दाका वखत उल्लिखित योग्यता भएका स्थानीय व्याक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्याक्तिहरु मध्येवाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनोट गर्न बाधा नपर्ने।

४. **तलव, सुविधा तथा अन्य सेवा शर्तः-** मासिक रु.२२,०००।(वाईस हजार रुपैया मात्र।) अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ।

५. **उम्मेद्धारको उमेर हदः-** दरखास्त दिने अन्तिम मिति २०८१/०५/२८ गतेसम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।

६. **उम्मेद्धारको छनोट विधिः-** प्रत्यक्ष  अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन।

७. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः-**

- बेलका नगरपालिकाको कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी बेलका नगरपालिकाको प्रशासन शाखामा बुझाउनु पर्ने,

८. **परिक्षा दस्तुरः-** बेलका नगरपालिकाको कार्यालय राजश्व शाखामा बुझाउने पर्ने।

९. **दरखास्त फाराम भर्ने मितिः-** २०८१/०५/१४ गतेदेखि २०८१/०५/२८ गतेसम्म।

४. **दरखास्त फाराम बुझाउने पर्ने स्थानः-** बेलका नगरपालिकाको प्रशासन शाखा।

५. **अन्तर्वार्ता सञ्चालन हुने मिति, समय र स्थानः-** दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको तिन दिन भित्र नगरपालिकाको सूचना पाटीमा टाँस गरिनेछ। साथै बेलका नगरपालिकाको वेबसाईट र फेसबुक पेजमा समेत प्रकाशित गरिनेछ।

६. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बेलका नगरपालिकालाई हुनेछ।

७.दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा बेलका नगरपालिकाको कार्यालय प्रशासन शाखामा र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ। साथै कार्यलय समयमा मोवाईल नं. ९८६२९४१६२० र ९८४८१०४१०६ मा सम्पर्क गर्न सकिनेछ। साथै विज्ञापन सम्बन्धी सम्पूर्ण जानकारी **"स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि, २०७९"** मा हेर्न सकिनेछ।

२०८१।५।१४
..................
(रवि किरण आचार्य)
अधिकृत आठौं
अधिकृत आठौं